सूचना विभाग दर्ता नं : १७/०५८/०५९
का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज
# DISABILITY VOICE

वर्ष २५, अङ्क १ पूर्णाङ्क २७८, २०८२ बैशाख

सल्लाहकार
तारा वदन सेडाई ।

सम्पादक
जगदीश प्रसाद अधिकारी

प्रमुख सम्वाददाता
नबराज सोती

सम्वाददाता
तारानिधि प्याकुरेल
संगिता कार्फले

व्यवस्थापक
शशी श्रेष्ठ

लेखा
रमिला गौतम

कानूनी सल्लाहकार
वरिष्ठ अधिवक्ता मेजर थापा

बजार व्यवस्थापक
विकास धिताल
बजार सह-व्यवस्थापक
यम प्रसाद भण्डारी

कभर डिजाइन
सुशान्त अधिकारी

मुद्रक
**Express Designing & Printing PVT.LTD.**
**Baudha, Kathmandu-01-4916534**

प्रकाशक
**नेपाल अपाङ्ग मानव अधिकार केन्द्र**
केन्द्रिय कार्यालय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अपाङ्गता भएका महिला तथा किशोरी बारेको समिक्षा । ४

टोखा नगरपालिका प्रमुखसँगको अन्तर्वार्ता । १५

सुदूरपश्चिममा पहिलोपटक पटक सुस्तश्रवण अपाङ्गताका समस्याबारे तालिम । २६

समाचार ३५

## अपाङ्ग आवाज मासिक पत्रिका पढ्न पाउदा ज्यादै खुशी छु

सम्पादक ज्यू, नमस्कार म यो अपाङ्ग आवाज मासिक पत्रिकाको नियति श्रेता हुँ । मैले यो पत्रिका नियमित रुपमा अध्ययन गर्ने अवसर पाएको छु । यस पत्रिकामा छापिएका विभिन्न लेख, कविता र अन्य सामग्रीहरु निकै नै मन पर्दछन् । यी सामग्रीहरुलाई पढ्न पाउदा म न्यादै खुसी छु । त्यसैले गाँउ गाँउमा भएका अन्य अपाङ्गता व्यक्तिहरुले पनि यो पत्रिका मार्फत आफ्ना कुराहरु पोख्न पाएका छन् । अपाङ्ग आवाज पत्रिकामा भएका सामग्री मार्फत विभिन्न तालिमको बारेमा जानकारी, अपाङ्गता रोकथाम, सरसफाई, जनचेतनाका कुराहरु जान्ने र बुझ्ने अवसर पाएका छन् । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई यो पत्रिकाले एक प्रकारको उत्साह र उर्जा थपेको छ । तर केही महिना यता पत्रिका ढिलो प्राप्त हुने गरेको छ । किन होला ? यसमा भने अलि दुःख लागेको छ । पत्रिका समयमा नै प्राप्त भएमा राम्रो हुने थियो । सकिन्छ भने पत्रिकालाई समयमा नै पठाई दिन हुन अनुरोध गर्दछु । यो पत्रिकाले अपाङ्गता मात्र नभएर अन्य साङ्ग व्यक्तिहरुको पनि मन जित्न सफल होस र अपाङ्गताको बारेमा समाजमा अझ धेरै जनचेतना फैलीयोस भन्ने कामना गर्न चाहन्छु ।

✍ अनिल सिंह, चैनपुर बझाङ्ग

## पत्रिकाको निरन्तरता र सफलताको कामना

सम्पादक ज्यू नमस्कार । म अपाङ्ग आवाज मासिक पत्रिकाको नियममित पाठक हुँ । मलाई यो पत्रिका निकै नै मन पर्दछ । यो पत्रिकाले नेपालमा रहेका सबै क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गरेको छ । यो पत्रिकामा मेरो सामग्रीहरुलाई पनि समावेश गरिदिनु भएकोमा म यहाँहरु प्रति आभारी छु । आज मैले यो अपाङ्ग आवाज मासिक पत्रिका पढ्नाले धेरै जानकारी प्राप्त गर्ने अवसर पाए । ज्यादै खुशी लाग्यो । यो अपाङ्ग आवाज मासिक पत्रिका मार्फत म जस्तै अन्य व्यक्तिहरुले पनि धेरै कुराहरु सिक्न सक्ने छन् भन्ने आशा लागेको छ । सके सम्म यो अपाङ्ग आवाज मासिक पत्रिकालाई देशका सबै ठाँउहरुमा पुऱ्याउनु हुन अनुरोध गर्दछु । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको समस्या, पहिचान, सेवा सुविधा, आवश्यकता लगाएतका विषयमा सबैले जानकारी लिन आवश्यक छ । त्यसैले अपाङ्ग आवाज मासिक पत्रिका सबैको लागि अति उपयोगी पनि रहेको छ । आगामी दिनमा पनि अपाङ्ग आवाज मासिक पत्रिकामा यस्तै जानकारी मुलक सामग्रीहरु समावेश गरिदिनु हुन अनुरोध गर्न चाहन्छु । साथै यस पत्रिकाको निरन्तरता र सफलताको कामना गर्दछु ।

✍ सुजित वि.क., ओखलढुङ्गा

सम्पादकीय

# अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको लागि सबैले काम गर्नु पर्दछ

हामीले दैनिक रुपमा प्रयोग गर्ने निकायहरु जस्तै शैक्षिक संघ संस्था, स्वास्थ्य निकायहरु, हाम्रो बाटोघाटोहरु अपाङ्गता मैत्री छैनन् । अपाङ्गता अनुकुलको भौतिक संरचना नहुदा विभिन्न निकायहरुबाट दैनिक रुपमा दिने सेवा सुविधको उपभोग गर्न पनि अपाङ्गता भएका व्यक्तिहरुलाई कठिन भएको छ । नेपाल सरकारले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको पहलमा वि.स. २०६९ सालमा नै अपाङ्गता भएका व्यक्तिहरुको लागि भौतिक संरचना तथा सञ्चार निर्देशिका ल्याइसकेको छ । उक्त निर्देशिकामा सरकारी भवन विद्यालय, विश्वविद्यालय, अस्पतालहरु, सार्वजनिक शौचालयहरु, धार्मिक स्थलहरु, सार्वजनिक सडक, सडक पेटी, पार्किङ्ग स्थल, सार्वजनिक यातायातका साधनहरु, मनोरञ्जन स्थल, खेल मैदान, लगायतका सबै सार्वजनिक स्थल अपाङ्गता मैत्री हुनु पर्ने भनिएको छ तर ती व्यवस्थाहरुलाई सम्बन्धीत निकायहरुले कुनै चासो दिएको पाइदैन । जसको कारण अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो जीवन यापनका क्रममा कठिनाईको सामना गर्न परेको छ । यस निर्देशिकामा उल्लेख गरिएका व्यवस्थाको पूर्ण रुपमा कार्यन्वयन गर्नु पर्ने विषयमा सरोकारवाला निकायको ध्यान केन्दि«त हुन आवश्यक छ । यस्ता विभिन्न नीति नियम तथा कानूनहरु निर्माण भएता पनि आज सम्म उक्त निर्देशिका अनुसार सरोकारवाला निकायका संरचनाहरु अपाङ्गता मैत्री बन्न सकेका छैनन् । अपाङ्गता भएका व्यक्तिहरुको लागि भौतिक संरचना तथा सञ्चार निर्देशिका २०६९ लाई कार्यान्वयन गर्नको लागि स्थानीय निकायका जनप्रतिनिधिहरुलाई पनि जानकारी गराउनु पर्ने जरुरी देखिन्छ । अपाङ्गता मैत्री भौतिक संरचना तथा अपाङ्गता अनुकुलको वातावरण निर्माणका लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले विभिन्न समयमा सरोकारवाला निकायको ध्यान केन्दि«त गरिरहेका छन् । यस्ता कार्यले पछिल्ला समयमा सिंहदरबार भित्र रहेका सरकारी भवनहरुको तल्लो तला सम्म ह्वीलचियर तथा अन्य सहयोगी सामाग्री प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरुको पहुँचको लागि ¥याम्पको व्यवस्था गरिएको छ । तर ती नै कार्यलयका माथिल्ला कार्यकक्षहरु र अन्य क्षेत्रमा रहेका भवनहरुमा अपाङ्गता अनुकुलको संरचना निर्माण हुन सकेको छैन । नेपाल सरकारले वि.स. २०६९ मा अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका ल्याएको भएता पनि सो निर्देशिका अनुसार सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको भौतिक तथा सञ्चारमा पहुँच पुग्न सकेको छैन । जसको कारण अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले दिनहुँ कठिनाईको सामना गर्न परेको छ । अबका दिनमा अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका लागि बनेका नीति नियमहरु तथा निर्देशिकाहरुलाई पूर्ण रुपमा कार्यन्वयन गरेर अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्न जरुरी छ ।

# अपाङ्गता भएका महिला तथा किशोरी, चौथो विश्व महिला सम्मेलन, बेईजिंगबाट पारित कार्य योजना र ३० बर्ष समिक्षा



**निर्मला धिताल**
**अध्यक्ष**
**अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल**

सन् १९९५ मा चिनको बेइजिङमा आयोजना भएको चौथो विश्व महिला सम्मेलनको लागि अघिल्लो संयुक्त राष्ट्रसंघीय महिला सम्मेलनले आधार तयार पारेको थियो। पहिलो पटक मेक्सिको सिटीमा सन् १९७५ मा अन्तर्राष्ट्रिय महिला वर्षसँग मेलमिलाप भएको थियो। यसले आगामी १० वर्षको लागि विश्व कार्य योजना परिभाषित गरेको थियो । जसको पछिल्ला महिला सम्मेलनहरूमा समीक्षा गरेको थियो र महिला समानता, विकास र शान्तिका लागि संयुक्त राष्ट्रसंघ दशक सुरु गरेको थियो। सन् १९८० मा डेनमार्कको कोपेनहेगनमा दोस्रो विश्व महिला सम्मेलन भएको थियो उक्त सम्मेलनमा पहिलो सम्मेलनमा पारित घोषणा पत्रको समीक्षा भएको थियो र अर्को थप पाँच वर्षमा प्रगति सुनिश्चित गर्न कार्यको घोषणा गरिएको थियो । अपाङ्गता भएका महिलाहरूको सवालमा पनि थोरै विवरण उल्लेख गरिएको थियो। अर्को समीक्षा १९८५ मा केन्याको नैरोबीमा तेस्रो विश्व महिला सम्मेलन भएको थियो र उक्त सम्मेलनको प्रतिवेदनले भने निष्कर्ष दस्ताबेज समेत ल्याएको थियो र अर्को विश्व सम्मेलनमा महिला सशक्तिकरण र समानताका लागि अझ महत्वाकांक्षी र दूरगामी एजेन्डा तय गरि बेइजिङ घोषणा र कार्यका लागि प्लेटफर्म फर एक्सन बनाई पारित गरिएको थियो। उक्त प्लेटफर्मलाई उपयोग गर्दै बनेको कार्ययोजनाको दस्ताबेजले महिला सशक्तिकरण र लैङ्गिक समानताका लागि महत्वाकांक्षी प्रस्तावहरु राखेको थियो जसका रणनीतिक उद्देश्यहरू १२ प्रमुख महिलाका क्षेत्रहरू निम्न अनुसार रहेका छन् (१) महिला र गरिबी; (२) महिला शिक्षा र तालिम; (३)

महिला र स्वास्थ्य; (४) महिला हिंसा; (५) महिला र सशस्त्र द्वन्द्व; (६) महिला र अर्थतन्त्र; (७) शक्ति र निर्णयमा महिला; (८) महिला र संस्थागत संयन्त्र; (९) महिलाको मानव अधिकार; (१०) महिला र संचार ; (११) महिला र वातावरण; (१२) बालिका। सबैभन्दा महत्त्वपूर्ण कुरा, यसले बेइजिङ घोषणापत्र र कार्ययोजना बनाई संलग्न रास्ट्रहरुले महिला अधिकार र लैङ्गिक समानतालाई विश्वव्यापी रूपमा अगाडि बढाउनको प्रतिबद्दता र सहमति ब्यक्त गरेका थिए र यो कार्ययोजनालाई कार्यान्वय गर्न रास्ट्रको प्रतिनिधित्व गर्दै उपस्थित हुनु भएका रास्ट्र प्रमुखहरुले आफ्नु देशमा पनि कार्ययोजना बनाइ लागु गर्ने कुरामा समेत प्रतिबद्दता व्यक्त गरेका थिए । उक्त कार्य योजनालाई अग्रेजीमा छोटकरी नाम बीपीएफए (BPfA) भनिन्छ।

विस्वका सबै महिलाहरूको उन्नतिको लागि नैरोबी भएको सम्मेलनले अग्रगामी रणनीतिहरू बनाई अपाङ्गता भएका महिलाहरूको सवाललाई "मुख्य सरोकारका क्षेत्रहरू" अन्तर्गत विशेष ध्यान दिनु पर्ने "विशेष समूहहरू" मध्ये एकको रूपमा उल्लेख गरिएको थियो भने चौथो विश्व महिला सम्मेलनमा पनि संसार भर बाट करिव २०० जना अपाङ्गता भएका महिलाहरु पनि उपस्थित भएका भई अपाङ्गता भएका महिलाहरू पनि अन्तर्राष्ट्रिय आन्दोलनको हिस्सा बनेका थिए र उनीहरुले त्यहाँ समानान्तर सत्रहरू समेत संचालन गरि अपाङ्गता भएका महिलाको अधिकार र अधिकारमा आधारित बलियो दृस्टीकोण बनाई वकालत समेत गर्दै अपाङ्गताका सवाललाई सबैका सामु बुझाउने र सम बुझाई गराउन सफल भएका थिए । सम्मेलनमा उपस्थित विभिन्न पक्ष रास्ट्रहरुले आफ्नु रास्ट्रिय नीति तथा कार्यक्रमहरुले राष्ट्रिय योजना र नीतिहरूमा एकीकृत गरेर महिला सशक्तिकरणको लागि आफ्नु देशमा पनि नीति तथा योजना बनाई लागु गर्ने कुरामा प्रतिबद्दता ब्यक्त गरेका थिए।

प्रत्येक ५/५ बर्षमा समिक्षा हुने गरेको प्रक्रियामा यस वर्ष बेइजिङ +३० क्षेत्रीय समीक्षा प्रक्रियाको क्रममा छ र सबै राज्यहरूलाई पहिले नै BPfA कार्यान्वयनमा भएका प्रगति र सामना गरिएका चुनौतीहरूको व्यापक राष्ट्रिय स्तरको समीक्षा गर्न आह्वान गरिएको थियो तसर्थ राष्ट्रिय स्तरको समीक्षा (सर्वेक्षण र राष्ट्रिय प्रतिवेदन) सम्पन्न गरिसकेको अवस्था छ र नेपाल सरकारले जुन २०२४ मा बेइजिङ घोषणाको कार्यान्वयन र कार्यका लागि प्लेटफर्मको राष्ट्रिय समीक्षा प्रतिवेदन पनि पेश गरिसकेको छ।

यसै सन्दर्भमा बेइजिङ +३० विश्वव्यापी समीक्षा श्रृंखला बदद प्रक्रियाबाट अगाडी बढिरहेको क्रममा नोभेम्बरमा १७-२१, २०२४ मा बैंककको थाईल्याण्डमा बेइजिङ +३० क्षेत्रीय समीक्षा गर्ने प्रक्रिया हुदैछ । United Nations Economic and So-

cial Commission for Asia and the Pacific (UN ESCAP) ले BPfA को एशिया-प्यासिफिक क्षेत्रीय अन्तरसरकारी समीक्षाको नेतृत्व गरिरहेको छ, एशिया र प्रशान्तका लागि UN महिला क्षेत्रीय कार्यालयसँग नजिकको सहकार्यमा, र एशिया -प्रशान्त मुद्दाको छाता अन्तर्गत संयुक्त राष्ट्र संघका बाँकी प्रणालीहरूद्वारा पूर्ण रुपमा सहयोग र समर्थन गरेको छ। मानव अधिकार, लैङ्गिक समानता र महिला सशक्तिकरण प्रवर्द्धनमा आधारित गठबन्धन बेइजिङ +३० क्षेत्रीय समीक्षाले BPfA मा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनलाई गति दिन आवश्यक कार्यहरूमा क्षेत्रीय सहमति निर्माण गरि क्षेत्रीय समीक्षा र परिणामस्वरूप लैङ्गिक समानता र महिला सशक्तिकरणको विकास सम्बन्धी एशिया-प्रशान्त मन्त्रीस्तरीय सम्मेलन गरि प्रतिबेदन तयार गर्नेछ।

विश्वव्यापी समुदायको पहलमा संगुक्त रास्ट्र संघ हरेक बर्ष न्युयोर्क,अमेरिकामा महिलाको अवस्था आयोग (Commission on status of women) नामक कार्यक्रम आयोजना हुने गर्छ, यस बर्ष पनि १०-२१ मार्च मा न्युयोर्कमा आयोजना हुदैछ उक्त कार्यक्रममा महिला सम्बन्धी चौथो विश्व सम्मेलनको ३० औं वार्षिकोत्सव र बेइजिङ घोषणा र कार्यका लागि प्लेटफर्म (BPfA) १९९५ को अपनाएको रणनीतिक कार्ययोजनाको समिक्षा, संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्ताव १३२५ को २५ औं वार्षिकोत्सव, मनाउने तयारी भैरहेको छ साथै दिगो विकासका लागि २०३० एजेन्डा र यसको १७ दिगो विकास लक्ष्यहरू (SDGs) को अन्तिम पाँच वर्ष मनाउने तयारी भैरहेको छ।

नेपालमा पनि विभिन्न नागरिक समाज संगठनहरूबाट स्थानीय तह, प्रदेस स्तरीय र राष्ट्रिय स्तरका परामर्शहरू गरि विश्लेषणात्मक समीक्षा गर्ने बियोंड बेइजिंग कमिटि र NNBN नामक संजालमा आवद्द भएका मूलधारका महिला आधिकार क्षेत्रमा काम गर्ने सस्था तथा संगठनहरूले संयुक्त रुपमा यो परामर्श प्रक्रिया सञ्चालन गरेका थिए तर अपाङ्गता लगायत पछाडी पारिएको समुदायको यस प्रक्रियामा अपाङ्गता भएका महिलाहरु र किशोरीहरुको प्रतिनिधि संस्थाहरू ज्यादै कम देखिएको थियो जसले गर्दा अपाङ्गता भएका महिलाहरुको आवाज बलियो रुपमा उठान नसकेको महसुस गरेका थिए।

यसै शिलशिलामा अपाङ्गता भएका महिला तथा किशोरीहरुको सवाल चौथो विश्व सम्मेलन १९९५ र BPfA का १२ सरोकारका क्षेत्रहरु सँग प्रत्यक्ष सरोकार र सम्बन्ध राख्ने गर्दछ तर महिला भित्रको बिबिधता, अपाङ्गता भित्रको बिबिधता र अपाङ्गता भएका महिला र किशोरीहरू भित्रको बिबिधता अझ त्यस भित्रको पनि जात, जाति, भूगोल, वर्ग, भाषा, धर्म, उत्पत्ति र गरिबी आदिमा आधारमा उनीहरुले भोगिरहेका सवाल र चुनौतीहरु अन्य

महिलाको तुलनामा समान छैनन भन्ने दृस्टीकोणहरु बिस्वब्यापी रुपमा उठिरहेको सन्दर्भमा उक्त खाडललाई महसुस गर्दै र यसलाई ठूलो अवसरको रूपमा लिँदै नेपालमा अपाङ्गता अधिकार कोष (Disabilty Rigths Fund) को अनुदानले दुई नियमित राष्ट्रिय गठबन्धन अगुवाहरुले राष्ट्रिय बहिरा नेपाल महासंघ (NDFN) को सस्था अपाङ्गता भएका महिला महासंघ नेपाल (FWDN) र अर्को रास्ट्रिय गठबन्धन राष्ट्रिय आदिवासी अपाङ्ग महिला संघ नेपाल (NIDWAN) नेपालको आयोजनामा अपाङ्गता भएका महिलाहरुको दृस्टीकोणबाट बेइजिंग +३० को समिक्षा गत २३- २४ सेप्टेम्बर २०२४ मा काठमाडौंमा रास्ट्रिय स्तरको परामर्श कार्यशालामा अपाङ्गता भएका महिलाको क्षेत्रमा भएका प्रगति, समस्या, चुनौती र सुझाव प्रदान गर्ने कार्य भएको थियो । उक्त परामर्श गोष्ठीबाट पारित भएको काठमाडौं घोषणा पत्रमा अपाङ्गता भएका महिला र किशोरी बिभिन्न ११ वटा सवालमा समेट्न प्रयास गरिएको छ जस्तै: निर्णयाक प्रक्रियामा सहभागिता र प्रतिनिधित्व, मानव अधिकारका औजारहरु तथा नीति तथा कार्यक्रममा अपाङ्गता भएका महिला र किशोरी भित्रको पनि अन्तर छेदीय (Intersectional) पद्दतिबाट समबेशिता, न्यायमा पहुच, जलबायु परिवर्तन तथा प्रकोप, गैर भेदभाव, खण्डीकृत तथ्यांक, अध्ययन अनुसन्धान, सुचना तथा संचार र प्रविधिमा पहुच, यौनिकता र प्रजनन् स्वास्थ्य र आर्थिक सशक्तिकरण र उद्दम्शिलाता आदि ।

महिलाबादी प्रस्ताब र मूलधारका महिला र अपाङ्गता भएका महिला तथा किशोरीहरू र यसका विविधताहरू - मूलधारका अपाङ्गता, आदिवासी र सीमान्तकृत, र मूलधारको महिलावादी आन्दोलन सबै आपसमा अन्तर्क्रियात्मक दृष्टिकोणबाट यो अवसरलाई पूर्ण रूपमा उपयोग गर्दै उनीहरुको अर्थपूर्ण सहभागिताका साथ BPfA मा अपाङ्गता भएका महिला तथा किशोरीका सरोकारका मुद्दाहरूलाई बिभिन्न तहको सम्मेलन गरि रास्ट्रिय, क्षेत्रीय र विस्व भरि नै विस्तार गर्न थालिएको छ।

मूलधारको महिला आन्दोलन र अपाङ्गता भएका महिला आन्दोलन बीचको सम्बन्धले पनि निकै महत्त्वपूर्ण भूमिका खेलेको थियो जसमा मूलधारको महिला आन्दोलनका नेताहरूको सहयोगी र बिकासमा काम गर्ने सस्थाहरुको सहयोगले नै यो सबै सम्भब भएको छ । बेइजिङको सम्मेलनको अर्को आयाम भएको मुख्यधारको महिला आन्दोलन हरुमा, क्षेत्रीय आन्दोलनहरु र संयुक्त राष्ट्रसंघले हरेक वर्ष गर्ने विश्व सम्मेलनमा यो वर्ष बेइजिंग सम्मेलन भएको ३० वर्ष पुरा भएको हुदा यस बर्ष ६९ औ सत्रमा संचालन भएको (Commission on Status of women) महिलाको स्थिति आयोग (CSW69) को ६९ औं सत्रमा मार्च

१०-२१, २०२५ सम्म आमेरिकाको न्युयोर्कमा भएको थियो l

उक्त महिलाको स्थिति आयोग समिक्षा गर्ने क्रममा बेइजिङ घोषणापत्रका विषयवस्तु, प्रस्ताबहरु र कार्य प्लेटफर्मको मूल्याङ्कन गरिएको थियो l संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरू, संयुक्त राष्ट्र संघका एजेन्सीहरू र गैरसरकारी संस्थाका प्रतिनिधिहरू १९९५ को लैङ्गिक समानता र महिला सशक्तिकरण सम्बन्धी सम्झौताको कार्यान्वयनको समीक्षा गर्न भेला भएका थिए। विश्वव्यापी लैङ्गिक समानता पहल गर्ने क्रममा उनीहरूको समावेशीकरणलाई जोड दिएको थियो साथै अपाङ्गता भएका महिला र किशोरीहरुको सवालमा प्रगति, चुनौतीहरू र दिगो विकासको लागि २०३० एजेन्डामा यो कसरी जोडिएको छ भन्ने कुरामा समानान्तर सत्रहरुमा केन्द्रित भएका थिए साथै मुख्य सत्रमा अपाङ्गता भएका महिलाहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण छलफलहरु गरिएको थियो l जसले अपाङ्गता भएका महिलाहरूले के योगदान गर्न सक्छन् l उनीहरूका सरोकारहरू के हुन् र कुन अवरोधहरूलाई कसरि समाधान गर्नु पर्छ भन्ने बारेमा सहभागिहरुको जागरूकता बढीको थियो l पहिलाको तुलनामा अपाङ्गता भएका महिलाहरूको महिलाको स्थिति आयोग (CSW-69) को ६९ औं सत्रमा सहभागिता संग्ख्यात्मक रुपमा बृद्दी हुदै गएको पाइन्छ।

महिलाको स्थिति आयोग (CSW-69) मा प्रमुख परिणाम र पहलहरूलाई विस्लेषण गर्ने हो भने अन्तर्राष्ट्रिय अपाङ्गता गठबन्धन (International Disability Alliance), समावेशी भबिस्य (Inclusive Future) र UN Women सँगको सहकार्यमा, बेइजिङ घोषणापत्र पछिको ३० वर्षको प्रगतिलाई प्रतिबिम्बित गर्ने एक समानान्तर सत्रको कार्यक्रम आयोजना भएको थियो र उक्त कार्यक्रमले अपाङ्गता भएका महिलाहरूको अनुभवलाई प्रस्तुति गरिएको थियो र अपाङ्गता समावेशी विकास सिद्धान्तहरूको कार्यान्वयनमा जोड दिईएको थियो । छलफलहरूले CSW प्रक्रियाहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता बढाउने आवश्यकता र उनीहरूको अधिकारलाई अगाडि बढाउन साझेदारीको महत्त्वलाई मुख्य गरि प्रकाश पारिएको थियो।

अपाङ्गता भएका महिलाहरुले शान्ति निर्माण र शासनमा उनीहरूको संलग्नताको महत्त्वलाई जोड दिँदै, अपाङ्गता समावेशीकरणको अधिकार-आधारित दृष्टिकोणको वकालत गरेका थिए । उनीहरूको प्रयासले कल्याणकारी धारणाबाट सशक्तीकरण र अधिकारमा आधारित धारणा परिवर्तन गर्ने र निर्णय प्रक्रियाहरूमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कुरामा जोड दिएका थिए।

UN Women ले सबै तहमा अपाङ्गता भएका महिलाहरूलाई संलग्न गराउन आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गऱ्यो। डा.

# आन्तरिक राजस्व कार्यालय, भरतपुरको सूचना ।

- स्थायी लेखा नम्बर (PAN) लिएर मात्र व्यवसाय गर्नुपर्दछ ।
- कारोबार स्थलमा सबैले देख्न सक्ने गरी करपाटी अनिवार्यरुपमा राख्नु पर्दछ ।
- मदिरा, वियर चरोट तथा सूर्तीजन्य पदार्थ विक्री वितरण गर्नेले समेत कारोबार गर्न अघि इजाजत पत्र लिएर मात्र कारोबार गर्नु पर्दछ ।
- कारोबार गर्दा अनिवार्य रुपमा स्थायी लेखा नं उल्लेख भएको वील/बीजक लिने दिने गर्नुपर्दछ ।
- कारोबारको खरिद खाता/विक्री खाता/मौज्दात किताब अद्यावधिक रुपमा राख्नुपर्दछ ।
- व्यवसायको गोदाम/शाखा राख्नुभन्दा पहिला दर्ता भएको आन्तरिक राजस्व/करदाता सेवा कार्यालयबाट गोदाम/शाखा प्रमाणित गरेर मात्र कारोबार गर्नुपर्दछ।
- व्यावसायिक प्रयोजनका मालवस्तुहरुको आन्तरिक ओसारपसार गर्दा यस सम्बन्धी नियमन निर्देशिका २०६५ (दोस्रो संशोधन, २०७६) को पालना गर्नुपर्दछ ।

**उल्लेखित व्यवस्थाको पालना नगरेमा कानून बमोजिम दण्ड जरीवाना हुनेछ ।**


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
आन्तरिक राजश्व कार्यालय
भरतपुर, चितवन ।

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।


UNIVERSAL BODYGUARD & SECURITY SERVICES PVT.LTD.

Professional Bodyguard, Security & Cleaning Services

Affiliated to International Bodyguard Union.UK

**Prabin Singh Ranabhat**

**Hetauda Branch Manager**

Tel. Off.: 977-057-520189
E-mail: htdbodyguard@gmail.com
Web: www.bodyguard.com.np
Khursanitar. Sujan Marg, House # 28
Lazimpat, Kathmandu, Nepal
**Contact:**
+977 9845668000
+977 9808654820
+977 9845149322

अबुल.एच. मोन्जुरुल कबीरले राष्ट्रिय वकालतको महत्त्वमा जोड दिनुभयो र सरकारहरूलाई अपाङ्गता-समावेशी र लैङ्गिक-उत्तरदायी कार्यक्रमहरूमा कोष विनियोजन गर्न आह्वान भएको थियो । छलफलहरूले अपाङ्गता भएका महिलाहरूको लागि समानता र मानव अधिकारलाई अगाडि बढाउन सामूहिक कार्यको आवश्यकतालाई जोड दिएको थियो । द्वन्द्व प्रभावित क्षेत्रका अपाङ्गता भएका महिलाहरूलाई शान्ति निर्माण प्रयासहरूमा एकीकृत गर्ने, अपाङ्गता समावेशीकरणका लागि व्यावहारिक Tools Kit टुलकिटहरू सुरु गर्ने र जोखिममा रहेका बालबालिकाहरूको लागि Science, Technology, Engineering, and Mathematics (STEM) शिक्षा प्रवर्द्धनमा केन्द्रित गर्ने कुरामा प्रतिबद्दता व्यक्त गरेका थिए।

CSW69 ले अपाङ्गता भएका महिलाहरूको अधिकार र समावेशीकरणलाई अगाडि बढाउने एउटा महत्वपूर्ण क्षणको रुपमा लिईएको थियो 1 विश्वव्यापी वकालत, राष्ट्रिय पहलहरू र आगामी कार्यक्रमहरू मार्फत, सरोकारवालाहरूले लैङ्गिक समानता र दिगो विकासको खोजीमा अपाङ्गता भएका महिलाहरू पछाडि नपरून् भन्ने कुरा सुनिश्चित गर्न सहकार्य गरिरहेका छन्। १९९५ देखि २००६ सम्म अपाङ्गता भएका महिलाहरूको आन्दोलनको अभूतपूर्व सफलता र विशेष गरी एजेन्डा २०३० सँग सम्बन्धित लैङ्गिक प्लेटफर्महरूको बढ्दो संख्याको बाबजुद पनि, अपाङ्गता भएका महिलाहरूको संगठनहरू अझै पनि समावेश र सहभागिताका लागि ठाउँहरूका लागि संघर्ष गरिरहेका छन् । बिगतमा विशेष गरी कोभिड -१९ लकडाउनको समयमा अनलाइन प्लेटफर्महरूमा भएको वृद्धिसँगै, लैङ्गिक र अपाङ्गता दुवै प्रकारका आन्दोलनहरू जोड्ने प्रयास नभएको होइन तथापी हालको अवस्थालाई मध्य नजर गर्ने हो भने अझै पनि अधिकांश अपाङ्गता भएका महिलाहरूले इन्टरनेट सेवा र आधुनिक उपकरणहरूको उपलब्धता, किफायती र गुणस्तरको अभावका कारणको आफू र आफ्नु बर्गहरु बहिष्करणमा परेको महसुस गरको अवस्था छ।

**यस अपाङ्ग आवाज मासिक पत्रिकामा प्रकाशन गरिएका निजि विचार तथा लेखहरुले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन् ।**

**- सम्पादक**

का.जि.का. दर्ता नं: १०४/०५७/०५८
म.क्षे.हु.नि. दर्ता नं. ०८/०६७/०६८

# कानूनी सहयोग


के तपाई अपाङ्गता भएकै कारणबाट आफ्नो कानूनी अधिकार प्राप्त गर्नबाट वञ्चित हुनुहुन्छ ? के तपाईलाई परेको अन्याय, हिंसा, दुर्व्यबहार, बिभेद, तिरस्कार, उपयुक्त कानूनी सेवा र परामर्श नपाउँदा त्यसै चुप लागेर बस्न बाध्य हुन भएको छ ? यदी त्यस्तो छ भने तपाई निम्न ठेगानामा सम्पर्क गरी आफुलाई परेको समस्या वा गुनासो दर्ता गर्न सक्नु हुनेछ ।

हामी तपाईलाई यस विषयमा नि:शुल्क कानूनी सेवा परामर्श उपलब्ध गराउन सदैब तत्पर छौं । हामीलाई सम्पर्कका लागि

कार्यलय समय सोमबार देखि शुक्रबार सम्म
विहान ९ बजे देखि बेलुकी ५ बजे सम्म

**नेपाल अपाङ्ग मानव अधिकार केन्द्र**
पो.ब.न. १९४०८ काठमाण्डौ, नेपाल, गोकर्णेश्वर न.पा. ५, नयाँ बस्ती, गगननगर चोक, जोरपाटी, काठमाडौं
फोन नं : ९७७-१-४९११०९२, ४९११०६९, फ्याक्स नं : ९७७-१-४९११०६९
इमेल : dhrcnepal56@gmail.com, dhrc@wlink.com.np
वेबसाइट : www.dhrcnepal.org.np

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**संजिव बल**

**अध्यक्ष**

डी.एच.पी. मल्टीसप्लायार्स
थाहा नगरपालिका वडा नं. ५
नलिबन, मकवानपुर।

**नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।**



**भरत प्रसाद पोखरेल**

**चिफ कमाण्डर**

सुरक्षा शाखा
वि.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल
भरतपुर चितवन ।

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

# प्रमोद सिंह रानाभाट

## अध्यक्ष

### मकवानपुर उद्योग वाणिज्य संघ

**प्रोप्राइटर :-**

लक्ष्मी कृषी अटोइन्जीनियरङ वर्कसप,
मकवानपुर, नेपाल ।

अपाङ्गता आवाज मासिक पत्रिकाका सम्पादक जगदीश प्रसाद अधिकारीले अपाङ्गता भएका व्यक्तिहरुका सवालमा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीसंग केहि कुराकानी गर्नुभएको छ । उहासंग गरिएको उक्त कुराकानीको अंशलाई अपाङ्ग आवाज मासिक पत्रिकामा यस प्रकार प्रस्तुत गरिएको छ ।

प्रश्न :- प्रमुख ज्यु । नमस्कार । हाम्रो अपांग आवाज मासिक पत्रिकामा यहालाई स्वागत गर्दछु ।

उत्तर :- नमस्कार जगदीश जी । धन्यवाद ।

प्रश्न :-

प्रमुख ज्यु हामीलाई समय उपलब्ध गराउनुभएकोमा धन्यवाद व्यक्त गर्दै कहाबाट सुरु गरौ भने टोखा नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको सवालमा के कस्ता कार्यहरु गरिरहनु भएको छ बताइदिनुहोस् न ?

उत्तर :-

वास्तवमा विविध कारणले व्यक्तित्वहरू अपाङ्गता हुन पुग्छन् । कोही जन्मजातै, कोही विभिन्न घटना, परिघटनाले, कोही एक्सिडेन्ट भएको कारणले गर्दा अपाङ्गता हुन पुग्छन् । म सबैलाई के निवेदन गर्न चाहन्छु भने जो कोही पनि जुनै बेला पनि अपाङ्गता हुन सक्छन । म नगर प्रमुखको नाताले जुन दिन जिम्मेवारी सम्हालेँ त्यही दिन बाटै के सङ्कल्प गरेको थिए भने जति सकिन्छ आफ्नो बुद्धि विवेक र क्षमताले भ्याए सम्म सबै वर्ग जाती लिङ्गलाई नगरपालिकाले केही हद सम्म भए पनि प्रमोट गर्नुपर्छ । हामी निर्वाचित भएर आइसके पछी हाम्रो भवनलाई पूर्ण रुपमा अपाङ्गतामैत्री बनाएका छौ । यसका साथै टोखा नगरपालिका भित्र बन्ने सबै सार्वजनिक संरचनाहरु अनिवार्य रुपमा अपाङ्गता मैत्री बनाउने गरी नीतिगत निर्णय गरेका छौँ । यस्ता अपाङ्गता भएका व्यक्तिहरुका विविध सवालमा काम गरिरहेका छौ ।

प्रश्न :-

टोखा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्री उपलब्धताको अवस्था के कस्तो रहेको छ ? यस बिषयमा पनि केहि बताइदिनुहोस् न प्रमुख ज्यु ?

अपाङ्गताका विभिन्न प्रकारहरु छन् । दृष्टिविहीन, बहिरा, भकभके ती सबै अपाङ्गता भएका व्यक्तिहरू कसैलाई सहायक सामाग्रीको सवालमा, कसैलाई क्षमता

विकासको सवालमा, कसैलाई सिलाई बुनाइको सवाल सकेसम्म नगरपालिकाले सहयोग गरीरहेको छ । यो सालमा पनि लगभग तिन सय देखि चार सय व्यक्तिहरूलाई सहायक सामाग्री वितरण गर्ने कार्यक्रममा स्वयम् म आफैँ पनि पुगेको थिएँ । यी कामहरु संघीय र प्रादेशिक सरकार तथा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संघ सस्थाहरुसंग सहकार्य एवं समन्वय गरेर गरिरहेका छौ । मलाई लाग्छ कुनै पनि अपाङ्गता भएका व्यक्तित्वहरूले सहायक सामाग्री मैले पाइन भनेर गुनासो गर्नु पर्ने परिस्थिति टोखा नगरपालिकामा निर्माण भएको छैन । त्यस्तो परिस्थिति आइहाल्यो भने छुटेको छ भने पनि नगरपालिकाले तुरुन्तै त्यसलाई एकदम प्राथमिकतामा राखेर के चाहिन्छ सामाग्री कसैलाई ह्विलचियरको आवश्यकता छ की ? कसैलाई छडीको आवश्यकता छ की ? कसैलाई वाकरको आवश्यकता छ की ? कसैलाई बैसाखीको आवश्यकता छ की ? कसैलाई के आवश्यकता छ नगरपालिकाले सहयोग गर्ने गर्दछ । केहि समय अघि साङ्ग व्यक्ति अपाङ्गता हुन पुगे उहाँलाई पहिलेको अवस्थामा पुऱ्याउन त कसैले पनि सक्दैन तर नगरपालिकाले केही सहयोग गरेर भए पनि हामीको काटिएको खुट्टालाई कृतिम खुट्टा जोड्ने व्यवस्था गरिदिएका थियौँ । यसरी सहायक सामाग्री उपलब्ध गराउने कुरामा हामी सक्दो गरिरहेका छौ किनभने सहायक सामाग्री त अपाङ्गता भएका व्यक्तिको हात खुट्टा नै हो नि यसर्थ त्यसको उपलब्धता नहुदा व्यक्तिले के कस्ता समस्या भोग्दछन् त्यो सहजै अनुमान लाउन सकिने कुरा पनि त हो ।

प्रश्न :-

समावेशीताको बिषयमा पनि थोरै चर्चा गरौ न प्रमुख ज्यु । के छ समावेशीताको सवालमा लक्षित वर्गहरु जस्तै अपाङ्गता भएको व्यक्तिलाई पनि यती काम गर्नु पर्छ भनेर केहि त्यस्ता नीति सहितको कुनै योजनाहरू बनाइरहनुभएको छ कि ?

उत्तर :-

टोखा नगरपालिकाले लक्षित वर्गको शीर्षक अन्तरगत त्यसमा महिला, दलित जनजाति अपाङ्गता त्यसको वर्ग समुदायको व्यक्तिले म आत्मनिर्भर बन्छु मलाई आत्मनिर्भर बन्नको लागि केहि शिप तथा अवसरहरु दिनुपर्यो जस्तो क्षमता अभिवृद्धि हुन् सक्ला यस्ता बिषयमा पनि हामीले व्यवस्था गरेका छौ । उहाहरुलाई विभिन्न तालिमहरुका लागि

शिपहरु दिने, आत्मनिर्भरका कार्यक्रमहरु अगाडी बढाएका छौ । समग्र नगरपालिकाको बजेटकै सन्दर्भमा पनि उहाहरुको लागि केहि प्रतिशत बजेटको व्यवस्था गर्दै आएका छौ । यस्ता क्षेत्रमा कार्य गर्ने संघ सस्थाहरुको लागि पनि अनुदान दिने काम पनि गरिरहेका छौ । यहालाई थाहा नै छ संघीय सरकारसंगै आफैले अगाडी बढाएका नीति कार्यक्रम लागु गर्न कहिलेकाहीँ परिकल्पना गरे अनुसारको श्रोत पुग्दैन त्यस्तै हामी त एउटा नगरपालिका हौ कहिलेकाहीँ हामीले सोचे जसरी श्रोतको व्यवस्था गर्न कठिनाइ त हुन्छ नै तथापी पनि सकेसम्म नगरपालिकाले समावेशीताको बिषयलाई कार्यान्वयन गर्न प्रयासहरु गरिरहेका छौ।

प्रश्न :- प्रमुख ज्यु आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरुको सुचना तथा जानकारीको सुनिश्चित गर्ने हिसाबले केहि त्यस्ता योजनाहरु टोखा नगरपालिकाले अगाडी बढाएको देख्न सक्छौ ?

उत्तर

स्वभाविक रूपमा सकिन्छ नि असम्भव भन्ने कुरा के छ र ? मानिसले नै सृजित गर्ने कुरा त हो नि। के भयो र हुने सम्म र हुन सक्ने सम्म त नगरपालिकाले गरिहाल्छ नि । सुचनाको हक त संबिधानले दिएको अधिकार हो नि । आफ्नो गाउ ठाउमा के भैरहेको छ आफ्नो



स्थानीय तहले के गरिरहेको छ के कस्ता कार्यक्रमहरु अगाडी बढाइरहेको छ थाहा पाउने त सबै नागरिकको अधिकार हो नि । यसो भनिरहदा केहि अपाङ्गता भएका व्यक्तिहरु जस्तो बहिरा नागरिक दृस्टीविहिन नागरीकहरुलाई पनि त सुचना जानकारी चाहिन्छ त्यस्तो सवालमा अरु नागरिकहरुको लागि तयार पारिएका सुचना एवं जानकारीका सामाग्रीहरु पहूचयुक्त नहुन सक्छन अनि उहाहरुको लागि पनि त केहि व्यवस्था त गर्न पर्यो नि सुचना पाउने अधिकार त उहाहरुको पनि त हो नि । यसर्थ यस्ता बिषयमा पनि हामी पक्कै ध्यान दिएर काम गर्ने नै छौ ।

प्रश्न :-

विशेषगरी टोखा नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्याको अवस्था के कस्तो छ । यसमा नगरपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरुको खण्डीकृत तथ्यांकको लागि केहि कामहरु पो गरिरहेको छ कि ? अलिकति यसमा स्पस्ट पार्दिनुहुन्छ कि ?

उत्तर :- यस विषयमा वृहत हामीले छलफल गरेका छौं । अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्रको सवालमा हाम्रो टोली फिल्डमै पुग्नुहुन्छ । हिँड्न सक्ने वा ह्विलचियर मार्फत यहाँ आउन सक्ने भएछ भने स्वभाविक रूपमा यहाँ आउनुहुन्छ । त्यस्तो नसक्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि हाम्रो टोली फिल्डमै पुग्ने व्यवस्था पनि गरेका छौ । स्थानीय सरकार संचालन ऐन अनुरुप नै अपांगता भएका व्यक्तिहरुको समन्वय समिति बनाएका छौ उपप्रमुखको संयोजकत्वमा जहा हाम्रा सामाजिक शाखाका कर्मचारी देखि स्थानीय तहमा रहेर कार्य गरिरहेका अपांगता भएका व्यक्तिहरु पनि हुनुहुन्छ नै । अपाङ्गताका सम्पूर्ण सवालहरुमा यस संयन्त्रले पनि छलफल गरेर त्यहा उठेका बिषयहरु र गर्नुपर्ने कामहरु बारे हाम्रो कार्यपालिका बैठकमा पनि एजेण्डाहरु पेश हुन्छन र हामी निर्णय गरेर कार्यन्वयन गर्दै आएको पनि छौ । अब यहाले जिज्ञासा राख्नुभएको अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्याको बिषयमा ट्याक्कै खण्डीकृत नै त म भन्न सक्दिन तर अपाङ्गता परिचयपत्र लिएको आधारमा त हामीले राखेका छौ तर स्वाभाविक रुपमा आगामी दिनमा खण्डीकृत तथ्यांकको लागि पनि कार्यक्रम अगाडी बढाउने छौ । म यो बिश्वाश यहाहरु मार्फत दिलाउन चाहन्छु ।

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल
National Federation of the Disabled - Nepal (NFDN)
Nothing About Us.. Without Us हाम्रो सवाल, हाम्रै नेतृत्व

**देवीदत्त आचार्य**

अध्यक्ष तथा

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल परिवार

भृकुटीमण्डप, काठमाडौं ।

Phone : +977-1-5331159, 014587341

Email: info@nfdn.org.np

**नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

NDFN
1995

**सन्तोष केसी**

अध्यक्ष एवंम्

राष्ट्रिय बहिरा महासंघ नेपाल परिवार

रानीबारी मार्ग, काठमाडौं

Phone: +977 01 4435514

Email: info@deafnepal.org.np

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

BYAN

Blind Youth Association Nepal

# राम चन्द्र गैरे

**अध्यक्ष तथा नेत्रहीन युवा संघ नेपाल परिवार**

सुकेधारा, काठमाडौँ ।

Phone :- 984-1319348

Email:- byanepal@gmail.com

# वित्तीय चेतानाको लागि नेपाल राष्ट्र बैंकको अनुरोध !!

> QR Code, डेबिट/क्रेडिट कार्डको माध्यमबाट नि-शुल्क वा कम लागत र समयमैं राजस्व, विभिन्न प्रकारका महसुल, शुल्क, दस्तुर वा अन्य विभिन्न कारोवारको भुक्तानी विद्युतीय माध्यमबाट घरैमा बसेर गर्न सकिन्छ ।

> डिजिटल कारोबार गर्दा पैसा बोक्नुपर्ने झन्झट नहुने मात्र नभई, रकम चोरी हुने/हराउने समस्या रहँदैन ।

> विद्युतीय कारोबारबाट नोटको प्रयोग कम हुँदै जाने भएकाले नोट छपाइ तथा सोको व्यवस्थापन खर्च कम हुन्छ ।

> आफ्नो बैंक खाता रहेको बैंक वा वित्तीय संस्थाबाट विद्युतीय कारोबार सम्बन्धी जानकारी लिऊँ ।

> विद्युतीय भुक्तानीसम्बन्धी कारोबार गर्दा हुनसक्ने ठगीबारे सजग बनौं ।

> विद्युतीय कारोबार गर्दा प्रयोग हुने Login ID, Username, Password, Pincode, Transaction Pin, OTP (One-Time Password) कसैलाई पनि नदिऊँ, बैंक वा वित्तीय संस्थाले कहिल्यै पनि OTP वा Password माग्दैनन् ।

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

बालुवाटार, काठमाण्डौ, नेपाल ।

## हार्दिक अनुरोध !

१. समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔँ।

२. आफ्नो छर छिमेक टोल स्वच्छ सफा राखौँ।

३. व्यवसाय दर्ता गरेर मात्र व्यवसाय संचालन गरौँ।

४. व्यक्तिगत घटना दर्ता गरौँ।

५. जन्म, मृत्यु, बिवाह, बसाईसराई, सम्बन्ध विच्छेद आदि ३५ दिन भित्रमा दर्ता गरौँ।

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।

**नारायण बहादुर सुवेदी**
**वडा अध्यक्ष तथा**
सबै वडा सदस्य ज्यूहरु एवम्
सम्पूर्ण वडा परिवार
गोकर्णेश्वर नगरपालिका वडा नं. ५ जोरपाटी, काठमाडौं ।

# अति तथा पूर्ण असक्त अपाङ्गता भएका महिलाहरुको दिशा पिसाब व्यवस्थापन तथा हेरचाह सम्बन्धी तालिम सम्पन्न ।



अपाङ्गता भएका महिलाहरुको महासंघ नेपालको आयोजना राष्ट्रिय अपांग महिला समाज नेपालको समन्वय तथा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोग एवं काठमाडौं महानगरपालिकाको साझेदारीमा अति तथा पूर्ण असक्त अपाङ्गता भएका महिलाहरुको दिशा पिसाब व्यवस्थापन तथा हेरचाह सम्बन्धी तालिम राजधानीमा सम्पन्न भएको छ। स्पाइनल इन्जुरी पुनस्थापना केन्द्रका नर्सिङ्ग सुपरभाइजर मन्दिरा बानियाले प्रदान गर्नुभएको तालिममा अति र पूर्ण असक्त अपाङ्गता भएका २० जना भन्दा बढी महिलाहरु र उहाहरुका सहयोगीहरुको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुदै काठमाडौं महानगरपालिका सामाजिक विकास शाखाका अधिकृत तेज प्रसाद बडालले उक्त तालिम कार्यक्रमले अति र पूर्ण असक्त अपाङ्गता भएका महिलाहरुको दैनिकीमा टेवा पुर्याउने र स्वस्थ एवं मर्यादित जीवन जिउन उत्प्रेरित गर्ने बिश्वाश व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुदै अपाङ्गता भएका महिलाहरुको महासंघ नेपालका अध्यक्ष निर्मला धितालले अति र पूर्ण असक्त अपाङ्गता भएका महिलाहरुका स्वास्थ सम्बन्धी समस्याहरु जटिल भएकाले ति सवालहरुलाई सहज बनाउन सहयोगीहरु समेतलाई सहभागी गराएर तालिम प्रदान गरेको बताउनुभयो।

**१३ बैशाख २०८२ काठमाडौं। नबराज सोती।**

# दृष्टि सम्बन्धि अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रस्ताव पेश।



नेत्रहीन युवा संघ नेपालको सुर्खेत शाखाले कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दृष्टि सम्बन्धि अपाङ्गता भएका व्यक्तिहरूका लागि तीन महिने आधारभूत कम्प्युटर तालिम, दृष्टि सम्बन्धि अपाङ्गता भएका व्याक्तिहरूका लागि श्रव्य पुस्तकालय स्थापना र अपाङ्गता भएका व्यक्तिहरुका यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि तालिमको लागि प्रस्ताव पेश गरिएको छ । नेत्रहीन युवा संघ नेपालका केन्द्रीय सदस्य तथा सुर्खेत शाखा अध्यक्ष शेर वहादुर ओली सहितको प्रतिनिधिमण्डलले उक्त परियोजना पेश गरेका हुन्।

**१४ बैशाख २०८२ सुर्खेत। नबराज सोती।**

समाचार

# मनोसामाजिक परामर्शकर्ता तालिमको उद्घाटन।



लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका प्रदेश सचिव दुर्गालक्ष्मी श्रेष्ठले ६ महिने मनोसामाजिक परामर्शकर्ता तालिमको उद्घाटन गर्नुभएको छ।

स्वास्थ्य निर्देशानालयका निर्देशक रोशनलाल चौधरीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा स्वास्थ्य मन्त्रालयका नीति योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख नोदनारायण चौधरी, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका सीप विकास शाखाका प्रमुख माधव श्रेष्ठ, सीएमसी-नेपालका प्राविधिक निर्देशक डा. पशुपति महत, स्वास्थ्य निर्देशानालयका स्वास्थ्य शिक्षा प्रशासक नेत्र अर्याल, वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत भरत बहादुर कँवर, सीएमसी-नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरे, मुख्यमन्त्रीका प्रेस सल्लाकार दशरथ घिमिरे, कार्यक्रम संयोजक रस्मिता तामागं लगायतको उपस्थीतिमा उद्घाटन भएको उक्त कार्यक्रममा स्वास्थ्य मन्त्रालयको प्रदेश सचिव दुर्गालक्ष्मी श्रेष्ठले डिजीटल ब्यानरबाट गर्नुभएको थियो । लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजनाको कार्यन्वयनमा स्वास्थ्य मन्त्रालय सक्रियता देखाएको छ । फलस्वरुप ६ महिने मनोसामाजिक परामर्शकर्ताको दोश्रो मोडुलको कार्यक्रम समेत सम्पन्न भएको छ।

**२५ बैशाख २०८२ दाङ। अपाङ्ग आवाज संवाददाता।**

# सुदूरपश्चिममा पहिलोपटक पटक सुस्तश्रवण अपाङ्गताका समस्याबारे तालिम ।




सुदूरपश्चिममा पहिलो पटक सुस्तश्रवण अपाङ्गताका समस्याबारे दुई दिने तालिम सम्पन्न भएको छ । कैलालीको धनगढीमा राष्ट्रिय अपाङ्ग महासंघ सुदूरपश्चिम प्रदेश समितिको समन्वयमा श्रुति संस्थाले तालिमको आयोजना गरेको हो ।

राष्ट्रिय अपाङ्ग महासंघ सुदूरपश्चिम प्रदेश सचिव नरदीप धामीका अनुसार तालिमबाट डेढ दर्जन सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरु लाभाविन्त भएका छन् । अपाङ्गता अधिकार ऐन, २०७४ मा अपाङ्गताको परिभाषामा समावेश गरेको परिभाषाअनुसार सुन्नका लागि श्रवण यन्त्रको प्रयोग गर्नुपर्ने वा ६५ देखि ८० डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्तिलाई सुस्तश्रवण अपाङ्गता भनिएको छ । यस्तो समस्या भएका व्यक्तिहरू कान कम सुन्ने तर कम सुनेर सफासँग बोल्न सक्ने, सुन्नका लागि श्रवण यन्त्र प्रयोग गर्ने गर्छन् । यस्ता व्यक्तिहरूले कान कम सुन्ने भएका कारण पारिवारिक तथा सामाजिक रूपमा विभिन्न समस्याहरूको सामना गर्न परेको श्रुति संस्थाका अध्यक्ष निता केशरी भट्टराईले जानकारी दिनुभयो ।

सुस्तश्रवण भएका व्यक्तिहरूले राम्ररी कान नसुन्ने भएका कारण उनीहरूसँग घर परिवारका व्यक्तिहरू तथा समाजका

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**डा.सन्जय पौडेल**

**कन्सल्टेन्ट,**

**एनेस्थेसिया विभाग**

**वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल**

**भरतपुर चितवन ।**

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**डा. अनुप भट्टचन**

सर्जरी विभाग

ब्रेस्ट सर्जन युनिट

वि.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल

भरतपुर चितवन ।

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।

**कृष्ण मान डंगोल**

नगरप्रमुख तथा

**शुभ लक्ष्मी शाक्य (सुनीता)**

उपप्रमुख साथै

सम्पूर्ण किर्तिपुर नगरपालिका परिवार

बर्खाहिटी, नयाँबजार, कीर्तिपुर - १०

फोन नं: 014331381

इमेल: ict.munkirtipur@gmail.com

व्यक्तिहरू बोल्न नखोज्ने, उनीहरूका कुरा नबुझेर सोधेमा रिसाउने, झर्किने गरेको पाइन्छ । त्यसै गरेर उनीहरूले राम्ररी सुन्न नसकेका कारण विद्यालय तथा क्याम्पस स्तरको शिक्षा लिनमा पनि समस्या भोग्नु परेको छ । सुस्तश्रवण भएकै कारण विद्यालय स्तरको शिक्षा लिनमा कठिनाइ भएपछि आफूले चाहेर पनि शिक्षा लिने अवसरबाट वञ्चित हुनु परेकको तालिममा सहभागी कैलालीकी निलम चौधरीको गुनासो थियो। यस्तो अवस्थामा आफुले शैक्षिक योग्यता प्राप्त गर्न नसकेको र चाहे अनुसारको रोजगारीमा सहभागिता हुन पनि कठिनाइ भैइरहेको उनको भनाई थियो ।

सुस्तश्रवण भएका व्यक्तिहरूका लागि श्रवण यन्त्रको आवश्यक हुन्छ । साथै सांकेतिक भाषाको पनि त्यति नै जरुरी हुन्छ तर उनीहरूको आर्थिक अवस्था कमजोर भएका कारण आफूलाई मिल्ने श्रवण यन्त्र किन्न सक्दैनन् र समाजमा सधैं एक्लो भएर जीवन बिताउन बाध्य हुन्छन् । उनीहरूले प्रयोग गर्ने श्रवण यन्त्र पनि ज्यादै महँगो हुने हुँदा किन्न पनि नसक्ने भएका कारण यत्तिकै बस्नुपर्ने, रोजगारीबाट वञ्चित हुनुपर्ने लगायतका समस्याहरूको सामना गरेको पाइन्छ ।

सुस्तश्रवण अपांगता भएका व्यक्तिहरूमा पनि कतिपयलाई श्रवण यन्त्र, सांकेतिक भाषा तथा क्याप्सनिङको आवश्यकता हुन्छ । (क्याप्सनिङ भनेको अरूले भनेको कुरालाई कम्प्युटरमा लेखेर अगाडि स्क्रिनमा देखाउनु हो) तर हाम्रो समाजमा सर्वसुलभ रूपमा यस्ता व्यवस्थाहरूको विकास हुन नसकेको राष्ट्रिय अपाङ्ग महासंघ केन्द्रीय सदस्यसमेत रहेकी सस्थाकी अध्यक्ष निता केशरी भट्टराईले बताइन्। तालिममा अध्यक्ष भट्टराईका साथै महासचिव कोपिला हुमागाई र कार्यक्रम संयोजक पल्लबी थापाले सहजिकरण गर्नुभएको थियो ।

## समुह गठन

तालिम पश्चात कैलाली-कञ्चनपुरका सहभागिबाट समुह गठन गरिएको थियो । जसको अध्यक्षमा परिवर्तन कोइराला, उपाध्यक्षमा निलम चौधरी, सचिबमा बिरेन्द्र सिंह राना र कोषाध्यक्षमा दल बहादुर बोहोरा चयन भएका छन् ।

यस्तै सदस्यहरुमा खिमा कुमारी बडैला, प्रियंका कुमारी चौधरी, मेघराज अवस्थी, उनराज बुढा र नरेश बहादुर कपड्याल रहेका छन् ।

**२५ बैशाख २०८२ कैलाली । नबराज सोती ।**

# अपाङ्गता भएका किशोरकिशोरी तथा युवाहरुको वृह्त यौनिकता र यौन तथा प्रजनन स्वास्थ्य पहुँच सम्वन्धी नेपालगन्जमा अन्तरक्रिया ।



अपाङ्गता भएका किशोरकिशोरी तथा युवाहरुको वृह्त यौनिकता र यौन तथा प्रजनन स्वास्थ्य पहुँच सम्वन्धी नेपालगन्जमा अन्तरक्रिया गरिएको छ । नेत्रहिन युवा संघ नेपालको आयोजना तथा एम्प्लिफाई चेन्जको साझेदारीमा आयोजित उक्त अन्तरक्रिया कार्यक्रममा बोल्ने सहभागिहरुले अपाङ्गता भएका किशोरकिशोरी तथा युवाहरुको यौन तथा प्रजनन अधिकार सुनिश्चिततताका लागि बनेका ऐन कानूनहरुको कार्यान्वयन जरुरी रहेको बताए । ‘अपाङ्गता भएका किशोरकिशोरी तथा युवाहरुका लागि नीतिगत कुराहरु पर्याप्त छन् । उक्त कार्यक्रममा सहजीकरण गर्दै संघका निर्देशक निर श्रेष्ठले भने –‘तर कार्यान्वयनको पाटो अत्यन्तै कम छ ।’ अहिले तीन तहको सरकार छ । संघले अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा तथा स्वास्थ्यमा सहज पहुँचका लागि बनाउनु पर्ने अधिकांश कानून बनाएको छ । तर प्रदेश र स्थानीय सरकारले त्यसको पूर्णरुपमा

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।

मिठाराम अधिकारी

नगरप्रमुख तथा

अनिता लामा

उपप्रमुख साथै

सम्पूर्ण बुढानिलकण्ठ नगरपालिका परिवार

हात्तीगौडा, काठमाण्डौ
Phone: +977-01-4372725
Hotline: 16600100032
Email: budhanilkanthamun@gmail.com

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।

**नविन चन्द्र ढुंगेल**

**अध्यक्ष तथा**

नेपाल हेमोफिलिया सोसाईटी परिवार

अनामनगर, काठमाण्डौं।

नव वर्ष २०८२ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

NSCISA

**देवी आचार्य**

अध्यक्ष तथा

नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ परिवार

नारायणटार, जोरपाटी, काठमाडौं,

Phone :- 01-4917304

nscisanepal2009@gmail.com

कार्यान्वयन नगरेको श्रेष्ठ बताउँछन् ।

२०७८ सालको जनगणना अनुसार कूल जनसंख्याको २.२ प्रतिशत अर्थात साढे ६ लाख अपाङ्गता भएका व्यक्तिहरु छन् । त्यसमा युवाको संख्या एक लाख ६७ हजारको हाराहारीमा छ । तर उनीहरुको शिक्षा र स्वास्थ्यको पहुँच हेर्दा दयनिय अवस्था रहेको अपाङ्गता अधिकारकर्मी भावुकजंग थापा बताउँछन् ।

उनले अपाङ्गता भएका व्यक्ति अनुकूलको वातावरण नहुँदासम्म स्वास्थ्यमा उनीहरुको पहुँच नहुने बताए । नेपाल परिवार नियोजन संघका प्रमुख रश्मी श्रेष्ठ अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्यकाबारेमा सचेतना फैलाउन आवश्यक रहेको बताउनुभयो । खजुरा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख लक्ष्मी केसी वलीले अपाङ्गता भएका किशोरकिशोरीहरुको प्रजनन स्वास्थ्यलाई प्राथमिकता दिइएको बताइन् । कार्यक्रममा विभिन्न पालिकाका शिक्षा, स्वास्थ्य र महिला तथा बालबालिका शाखाका प्रमुखहरु, अपाङ्गताका क्षेत्रमा क्रियाशील संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मी लगायतको सहभागिता रहेको थियो । नेपाल नेत्रहिन संघ बाँकेका अध्यक्ष समेत रहेकी केन्द्रीय सदस्य रिता खड्काको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण अर्जुन रावलले गर्नुभएको थियो ।

**२९ बैशाख २०८२ बाके। अपाङ्ग आवाज संवाददाता।**

## अपाङ्गता भएका व्यक्तिहरूलाई दिइयो उद्यमशिलता र वित्तीय साक्षरता तालिम ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित एक दिने उद्यमशिलता तथा वित्तीय साक्षरतासम्बन्धी अभिमुखिकरण तालिम शनिबार ललितपुरको महालक्ष्मी नगरपालिका-२, इमाडोलमा सम्पन्न भएको छ । अपाङ्गता सशक्तिकरण समाज नेपालको आयोजना तथा बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको सामाजिक विकास कार्यालय, भैंसेपाटीको साझेदारीमा आयोजना गरिएको तालिममा ललितपुरका ३० जना अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता समाजका अध्यक्ष टेकनाथ न्यौपानेले गरेका थिए भने संचालन महासचिव ई.कृष्ण महर्जनले गरेका



थिए । कार्यक्रममा कार्यसमिति सदस्य सुमन घिमिरे अतिथि थिए भने रुवि महर्जन सहयोगीका रूपमा सहभागी हुनुहुन्थ्यो । बद्रीनाथ भट्टराईले उद्यमशिलताको विषयमा र तारा सिग्देलले वित्तीय साक्षरताको विषयमा प्रशिक्षण दिएका थिए। सहभागीहरूलाई व्यवसाय सञ्चालन, लगानी, जोखिम व्यवस्थापन, नाफा–घाटा मूल्याङ्कनका साथै बैंकिङ प्रणाली, डिजिटल माध्यमको प्रयोग र सुरक्षासम्बन्धी जानकारी दिइएको थियो। कार्यक्रम संयोजक समेत रहेका महासचिव महर्जनले एटिएम कार्डको प्रयोग, ई-बैंकिङ, विभिन्न डिजिटल एप र साइबर सुरक्षाका विषयमा थप प्राविधिक जानकारी दिएका थिए । सहभागीहरूका अनुसार तालिमले व्यवसाय र वित्तीय व्यवहारबारे व्यावहारिक ज्ञान दिनुका साथै डिजिटल पहुँच र सुरक्षाबारे पनि चेतना प्रदान गरेको छ ।

**२९ बैशाख २०८२ काठमाडौं । संगीता काफ्ले ।**

## कर्णालीका १४ स्थानीय तहसँग अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा साझेदारी ।

कर्णाली प्रदेशका १४ स्थानीय तहसँग अपाङगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि साझेदारी गरिएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले स्थानीय तहहरूसँग अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि साझेदारी

गरेको हो ।

अपाङ्गता भएका व्यक्तिको उपचार, रोकथाम तथा पुनर्स्थापनाका लागि स्थानीय तहमार्फत कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

कार्यक्रम सञ्चालनका लागि मन्त्रालय र स्थानीय तहहरूबीच साझेदारी गरिएको हो । साझेदारी कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले सबै स्थानीय तहहरूबाट प्रस्तावना आव्हान गरिएको थियो । जसमा कर्णालीका ७९ स्थानीय तहमध्ये १४ वटा प्रस्ताव पेश भएको सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख सुवर्ण खड्काले जानकारी दिए ।

उनका अनुसार सुर्खेतका भेरीगङ्गा नगरपालिका, पञ्चपुरी नगरपालिका, चौकुने गाउँपालिका, सिम्ता गाउँपालिका, कालीकोटको रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका र शुभकालिका गाउँपालिका रहेका छन् ।

यस्तै, रूकुमपश्चिमको चौरजहारी नगरपालिका र मुसीकोट नगरपालिका, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका, दैलेखको महाबु गाउँपालिका, सल्यानको दार्मा गाउँपालिका, जाजरकोटको जुनीचाँदे गाउँपालिका र हुम्लाको सिमिकोट गाउँपालिका रहेका छन् ।

यी स्थानीय तहहरूमा करिब १० हजार अपाङ्गता भएका व्यक्तिहरू यो कार्यक्रम मार्फत लाभ लिनसक्ने अनुमान गरिएको छ । तर, कार्यक्रम सञ्चालन भने स्थानीय तहहरूले प्रस्ताव गरेअनुरूप हुने जनाइएको छ ।

मन्त्रालयद्वारा जारी गरिएको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन हुनेछ । सोही अनुरूप अपाङ्गता रोकथाम तथा सहजीकरण सम्बन्धी कार्यक्रम, अपाङ्गता पहिचान र उपचार, अपाङ्गता भएका व्यक्ति र परिवारको जीवनस्तर सुधार लक्षित कार्यक्रम, संस्थागत सुदृढीकरण लगायतका कार्यक्रमको मुख्य क्रियाकलापहरू समावेश हुनेछन् ।

निर्देशिका बमोजिम क्रियाकलाप सञ्चालन गर्न मन्त्रालयले विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरूसँग प्राविधिक सहकार्य गर्ने सक्ने व्यवस्था बमोजिम करूणा



फाउण्डेसन नेपाल, एनएफडी-एन र युनिसेफसँग समन्वय सहकार्य गरिएको जनाइएको छ । अपाङ्गता रोकथाम तथा पुनर्स्थापना साझेदारी कार्यक्रमका लागि स्थानीय तहका पदाधिकारी तथा सरोकारवाहरूमाझ अभिमुखिकरण कार्यक्रममा बोल्दै सामाजिक विकास मन्त्री धनश्याम भण्डारीले कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहहरूले जिम्मेवारपूर्वक काम गरिदिन आग्रह गरे ।

अपाङ्गता भएका व्यक्तिहरूसँग स्थानीय तहहरू प्रत्यक्ष रूपमा जोडिने भएकोले प्रदेश सरकारले पालिकासँगै साझेदारी गरेको बताए । अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चितताका लागि सार्वजनिक सेवा र बस्तु प्रवाहमा प्राथमिकीकरण गर्नुपर्ने बताउनुभयो ।

**२९ बैशाख २०८२ सुर्खेत । अपाङ्ग आवाज संवाददाता।**

# श्रवणदृष्टि विहीनताका सबै सामग्री अब "वेभ हव" मा।

अपांगता सम्बन्धी सबैभन्दा जटिल मानिनेश्रवण दृष्टिविहिनता भएका व्याक्तिहरूको सिकाई उपलब्धीको लागि चाहिने सबै स्रोत सामग्रीहरू सहितको वेभ पोर्टल सार्वजनिक गरिएको छ। नेपाली सहित अन्य ६ वटा भाषामा उक्त वेभ पोर्टल तयारी पारी सुरुवात गरिएको छ । राष्टिय वहिरा महासंले सेन्स ईन्टरनेशनलको सहयोयमा विश्वव्यापी श्रवणदृष्टिविहिनता स्रोत केन्द्र वेभ हवको निर्माण गरिएको हो । https://deafblindness. info/ne/ नाम दिइएको यो वेभ मा श्रवणदृष्टिविहिनता भएका व्याक्तिहरूको अवस्था, सहित तथ्य तथ्यांकका समेत समावेश गरिएको छ । जसको स्थानीय स्तरमा विहिबार रूपन्देहीको मंगापुरमा एक कार्यक्रम आयोजना गरि शुभारम्भ गरिएको छ।

राष्ट्रिय बहिरा महासंघले सेन्स ईन्टरनेशनल सहयोजमा विश्वव्यापी श्रवणदृष्टिविहिनता सोत केन्द्रको वेभ पोर्टल रूपन्देहीमा सार्वजनिक गरेको छ । नेपालका ४ वटा प्रदेशका स्रोत शिक्षकहरूको लागि रूपन्देहीमा आयोजित प्रविधीक पहुँचयुक्तता तालिमको शुभारम्भको अवसरमा उक्त वेभ पोर्टल सार्वजनिक गरिएको हो।

वेभ पोर्टलको नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरका समावेशी शिक्षा निर्देशका सविता दंगाल, शिक्षा विकास तथा संमन्य एकाई रूपन्देहीका प्रमुख माधव बन्जाडेले वेभ पोर्टल

हवको शुभारम्भ गरेका हुन। स्थानीय तहमा पहिलो पटक रूपन्देहीबाट शुभारम्भ गरिएको उक्त वेभ पोर्टल डेफ्टब्लाईण्डनेस डट ईन्फोमा गएर नेपाली भाष चयन गरि हेर्न सकिन्छ। श्रवणदृष्टि विहीनता सम्बन्धि ग्लोबल रिसोर्स हव एक अनलाइन प्लेटफर्म हो जहाँ श्रवणदृष्टि विहीनता भएका व्यक्ति र उनीहरूलाई सहयोग गर्ने व्यक्तिहरूलाई पहुँचयुक्त सुचना, तथा स्रोत सामग्रीहरू उपलब्ध छन् । हबले श्रवणदृष्टि विहीनता

भएका व्यक्ति र उनीहरूलाई सहयोग गर्ने बृहत सञ्जाललाई आवश्यक सुचनाहरूमा पहुँच उपलब्ध गराउने र सेवा सुविधा प्राप्तका लागि मार्गदर्शन गर्न 'एकीकृत केन्द्र' को रूपमा सेवा प्रदान गर्ने राष्ट्रिय बहिरा महासंघका परियोजना संयोजक शंकर सिंह चैसिरले जानकारी दिए । उनका अनुसार नेपाली भाषा सहित अन्य ७ वटा भाषमा श्रवणदृष्टिविहनता भएका व्याक्तिरुहको लागि चाहिने सम्पूर्ण विवरण हरू त्यहाँ राखिएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर को मुख्य संयोजनमा मंगलापुरमा आयोजना गरिएको तालिममा देशका ४ वटा प्रदेशबाट बहिरापना भएका शिक्षक व्यक्तिहरू, देशका विभिन्न स्थानमा स्रोत शिक्षकको रूपमा कार्यरत शिक्षकहरूको सहभागीता रहेको छ ।

तालिम शुभारम्भ कार्यक्रममा बोल्दै शिक्षा विकास तथा संमन्वय एका रूपन्देहीका प्रमुख माधव बन्जाडेले विद्यार्थीहरूको लागि के कसरी सिकाउने भन्ने विषयमा सिकाई उपलब्धी हुने बताएका थिए । उनले शिकाई उपलब्धीको लागि शिक्षकहरूको मिहिनेत जरुरी रहेको बताएका थिए । उनले अपांगता भएका व्याक्तिहरूको लागि सबैभन्दा बढि महत्वपूर्ण प्राविधिक सिप र शिक्षा आवश्यक भएको भन्दै यसको लागि सबैले सहकार्य गर्नुपर्ने बताएका थिए ।

शिक्षा विकास तथा मानव स्रोत केन्द्रका सानोठीमि भक्तपुरको समावेशी शिक्षा शाखा निर्देशक सविता दंगालले प्रविधिमा आधारित क्षमता विकास कार्यक्रम आयोजना गरिएको जानकारी दिईन् ।

शिक्षण सिकाई क्रियाकपलाईलाई प्रविधियुक्त बनाउनको लागि तालिम आयोजना गरिएको बताईन् ।

तालिममा ३ वटा प्रदेश लुम्बिनी, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका २५ जना शिक्षकहरूको को सहभागीता रहेको जानकारी गराउँदै जसबाट बाहिरोपना भएका व्याक्तिहरूको लागि प्रभावकारी हुने समेत बताउनुभयो ।

तालिममा बाबुराम ढुंगाना, देवि प्रसाद दाहाल लगायतले सहजीकरण गर्नुभएको थियो ।

**२९ बैशाख २०८२, बुटवल ।**

समाचार

# लमजुङ, गोरखा, तनहुँ र धादिङमा अपाङ्गता समावेशी विकासका लागि विभिन्न कार्य गरिने ।



नेपाल नेत्रहीन संघ, नेपाल नेत्रज्योति संघ, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तथा बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालको संयुक्त सहकार्य तथा दी नर्वेजियन एसोसिएसन अफ दी ब्लाइन्ड एण्ड पार्सिएल्ली साइटेड सस्थाको प्राथमिक साझेदारी साथै एट्लास अलाइन्सको सह साझेदारीमा लमजुङ, गोरखा, तनहुँ र धादिङमा अपाङ्गता समावेशी विकासका लागि कार्य गरिने भएको छ । सन् २०२५ देखि २०२९ सम्म संचालन हुने उक्त परियोजनाले लमजुङ जिल्लाका सबै पालिका, गोरखाको अजिरकोट गाउँपालिका, तनहुको घिरिङ्ग, रिसिङ्ग र देवघाट गाउपालिका अनि धादिङको गल्छी र सिद्लेक गाउपालिकामा कार्यक्रम संचालन गर्ने नेपाल नेत्रहीन संघका अध्यक्ष शिशिर खनालले जानकारी दिनुभएको छ । नेपाल नेत्रहीन संघमा आयोजना गरिएको सोहि परियोजनाको अपाङ्गता घरधुरी सर्वेक्षणको प्रश्नावली तयारी कार्यक्रममा बोल्दै संघका अध्यक्ष खनालले उक्त जिल्लाहरुका



उल्लेखित पालिकाहरुमा रहेका सम्पूर्ण अपांगता भएका व्यक्तिहरुका समग्र सवालहरुमा कार्य गरिने बताउनुभयो । त्यसैगरी नेपाल नेत्रहीन संघका निर्देशक अमृत राइका अनुसार मुख्य त परियोजनाले दृस्टीविहिन अपाङ्गता भएका व्यक्तिहरुको बिषयमा थप गहिराइमा गएर शिक्षा स्वास्थ रोजगारी पुनस्थापना लगायतका बहुआयामिक सवालमा कार्य गरिने बताउनुभयो । अपाङ्गता क्षेत्रका बिभिन्न सवालमा कार्य गर्ने संघ सस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको सो अन्तरक्रिया कार्यक्रममा अपाङ्गता क्षेत्रका विज्ञ डा. विरेन्द्रराज पोखरेलले अपाङ्गता घरधुरी सर्वेक्षणको प्रश्नावलीलाई सहज सरल र प्रभावकारी बनाउन दुई प्रकारका प्रश्नावली फर्महरु तयार गर्नुपर्ने बताउनुभयो । उहाका अनुसार पहिलो फर्ममा आधारभुत प्रश्नहरु सोध्नुपर्ने र ति प्रश्न सोध्दै गर्दा अपाङ्गता भएको व्यक्ति भेटिएको खण्डमा दोस्रो फर्ममा अपाङ्गता सम्बन्धी अन्य सवालहरु सोधेर परियोजना अगाडी बढाउदा प्रभावकारी नतिजा ल्याउन सकिने उहाको बिश्वाश थियो ।

**३१ बैशाख २०८२ काठमाडौं । नबराज सोती ।**